# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

## छपाइ कागज खरिद गर्नका लागि शिलबन्दी

## बोलपत्र फाराम २०७४

मूल्य रु. १,०००।-

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

## छपाइ सम्बन्धी कागज खरिद गर्नका लागि शिलबन्दी बोलपत्र फाराम

श्रीमान् कुलपतिज्यू,
नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

**विषय :- शिलबन्दी बोलपत्र पेश गरेको बारे ।**

महोदय,

त्यस प्रतिष्ठानको मिति २०७४।०६।२० र २२ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित कागज तपसिलको दरमा त्यस प्रतिष्ठानलाई उपलब्ध गराउन इच्छुक रहेको हुँदा वोलपत्रमा उल्लेखित कूल जम्मा रकमको नियम बमोजिम २.५% ले हुन आउने धरौटी रकम रु. ....................................... (अक्षरेपी ............................................................................मात्र) त्यस नेपाल प्रज्ञा-प्रतिष्ठानको कमलादी स्थित बैंक अफ काठमाडौंको धरौटी खाता नं. ०१०००००२८६९ एनपिआर मा जम्मा गरेको सक्कलै बैंक भौचर वा ६० दिने बैंक ग्यारेन्टी यसै साथ राखी प्रस्तुत गरेको छु । म यो शिलबन्दी सूचनाका शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु । अन्यथा प्रचलित ऐन नियम बमोजिम कारबाही भएमा मन्जुर गर्दछु ।

**तपसील**

| क्र.सं. | सामानको स्पेशिफिकेसन | | शिलबन्दी बोलपत्रदाताको तर्फबाट भर्नुपर्ने | | |
|---|---|---|---|---|---|
| | सामानको नाम | परिमाण र इकाई | प्रति इकाई दर (मू.अ.कर. बाहेक) | जम्मा | |
| | | | | अंकमा | अक्षरमा |
| १. | २३"×३६" ६८ ग्राम इन्डियन म्यापलिथो | ५०० रिम | | | |
| २. | २०"×३०" ६८ ग्राम इन्डियन म्यापलिथो | १००० रिम | | | |
| ३. | २१"×३१" २५० ग्राम आर्ट बोर्ड पेपर | ३० प्याकेट | | | |
| ४. | २४"×३६" १५० ग्राम आर्ट पेपर | ७ प्याकेट | | | |
| | | | जम्मा रकम | | |
| | | | १३% मू.अ.कर रकम | | |
| | | | कूल जम्मा रकम | | |

फर्मको छाप : | प्रोपाइटरको नाम थर : | दस्तखत :

सम्पर्क फोन : | ठेगाना : | मिति :

## नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

## छपाई कागज खरिद सम्बन्धी बोलपत्रदाताले पालना गर्नुपर्ने शर्तहरु :

१. शिलबन्दी बोलपत्र पेश गर्दा कवोल गरेको जम्मा रकमको २.५% ले हुने रकमको संलग्न गरेको नगद जमानत वा ६० दिने बैंक जमानतको अलावा बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले आफूले कबोल गरेको अंकको बाँकी २.५ प्रतिशतले हुने रकमको नगद जमानत वा ६० दिन अवधी भएको बैंक जमानत (बिड बन्ड) पेश गर्नुपर्ने छ ।

२. छपाईका लागि चाहिने कागज खरिदका लागि कुनै प्रकारको पेश्की प्रतिष्ठानले दिने छैन ।

३. सम्झौता बमोजिम काम पूरागर्न नसकेमा धरौटी बापत राखेको रकम जफत गरी सम्झौता बमोजिम र प्रचलित ऐन कानून बमोजिम कारवाहीका लागि प्रक्रिया अगाडि बढाइने छ ।

४. बोलपत्र दाताले स्पेसिफिकेशन अनुसारको कागज उल्लेखित दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

५. बोलपत्रदाताले आपूर्ति गर्ने सामानको मू.अ.कर बाहेकको मूल्यदर बोलपत्र फारामको प्रत्येक इकाइमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ र यसरी भरिएको प्रत्येक इकाइको जोड जम्मा गरी त्यसमा १३ प्रतिशत मू.अ.कर. रकम जोडी कूल रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।

६. प्रतिष्ठानबाट भुक्तानी विलम्व भएमा सो बापत सम्बन्धित बोलपत्रदातालाई कुनै ब्याज वा क्षतिपूर्ति दिइने छैन ।

७. उपर्युक्त शर्तहरुका साथै गोरखापत्र दैनिकमा २०७४।६।२० र २२ मा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचनामा उल्लेख भएका शर्तहरु बोलपत्रदाताले पालना गर्नु पर्नेछ ।

८. कागज प्रतिष्ठानबाट स्वीकृत स्पेशिफिकेसन बमोजिमको गुणस्तरयुक्त हुनु पर्नेछ। स्पेशिफिकेसन बमोजिम भए नभएको सम्बन्धमा यस प्रतिष्ठानबाट गठित समितिबाट परीक्षण गराइ स्वीकृत स्पेशिफिकेसन बमोजिम सामान नभएमा आपूर्तिकर्ताले फिर्ता लैजानु पर्नेछ र स्पेशिफिकेसन वमोजिमको सामान आपूर्तिगरी भुक्तानी लिनुपर्नेछ ।

९. सामान आपूर्ति गर्दा लाग्ने ढुवानी भाडा बोलपत्रदाता स्वयंले बेहोर्नु पर्नेछ। अन्य शर्तहरु बोलपत्र फाराममा, सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. बोलपत्र साथ निम्न कागजातहरुको प्रतिलिपिमा नोटरी प्रमाणित गरेको हुनु पर्नेछ ।**

क) फर्म दर्ताको प्रमाण-पत्र (नविकरण समेत)

ख) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्बरको प्रमाण-पत्र

ग) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण-पत्र वा म्याद थपको पत्र

घ) कानुनले बोलपत्र पेश गर्नको लागि अयोग्य नभएको स्वयम् घोषणापत्र पेश गर्नुपर्नेछ ।

११. माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रतिष्ठानको प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१२. वोलपत्र सम्बन्धी कुनै विवाद उठेमा दुवै पक्षको सहमतिले विवाद समाधान गरिनेछ। यसरी विवाद समाधान हुन नसकेमा प्रज्ञा-प्रतिष्ठानले गरेको अन्तिम निर्णय नै मान्य हुनेछ ।

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

## छपाइ कागज खरिद सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्तुत गर्ने दाताहरुको विवरण

१. कम्पनी, फर्म तथा संस्थाको नाम :

२. ठेगाना :

३. प्रबन्धक वा प्रोपाइटरको नाम, थर :

४. मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता नं. :

५. कम्पनी, फर्म तथा संस्थाको रजिष्टर नं. र मिति :

६. सम्पर्क टेलिफोन नं. :

७. प्रबन्धक वा प्रोपाइटरको हस्ताक्षर र मिति :

८. कम्पनी, फर्म वा संस्थाको छाप :